दैनिक पूर्वसन्देश

PURBA SANDESH DAILY

जि.प्र.का. झापा द.नं.६१। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २८७ ❑ २०८३ मङ्सिर ०५ गते शनिबार ❑ Saturday, 21 Nov. 2026 ❑ मूल्य ७ /-



रेमिट्यान्समा अढेको नेपाली अर्थतन्त्र

◆ विमल लामिछाने

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा

फाल्गुनन्द चौक

फोन: ०२३-५७५४०९

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं ।

भ्रष्टाचार

नेपाल सरकार

विज्ञापन बोर्ड

भूमिसम्बन्धी समस्या समाधान गर्न त्रिपक्षीय छलफल

दमक नगरपालिकाले तिव्र रूपमा प्रक्रिया अघि बढाउने



दमक/ भूमिसम्बन्धी समस्या समाधान गर्न दमकमा त्रिपक्षीय छलफल भएको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको भूमि समस्या समाधानका लागि दमक नगरपालिकाले तिव्र रूपमा प्रक्रिया अघि बढाउने भएको हो ।

यसका लागि शुक्रबार नगरपालिकाको सभाहलमा बसेको त्रिपक्षीय भेलाले कानुनी, प्राविधिक तथा प्रशासनिक समस्या समाधान गर्दै धनीपुर्जा वितरणको कामलाई तीव्रता दिने निर्णय गरेको हो ।

नगरपालिकाको भूमि समस्या समाधान शाखाले उपलब्ध गराएको प्रगति विवरणअनुसार दमकमा हालसम्म ६ हजार ४ सय ४३ जनाको विवरण प्रणालीमा प्रविष्ट भएको छ । त्यसमध्ये ५ सय ६८ जना भूमिहीन दलित, दुई हजार ४ सय ५६ जना भूमिहीन सुकुम्बासी र तीन हजार ३ सय ३१ जना अव्यवस्थित बसोबासी छन् । यसअघि तिनै मध्येका प्रविष्ट हुन छुटेका ८८ जनाको विवरणसमेत पछिल्लो समय प्रणालीमा समावेश गरिएको नगरपालिकाका मेयर रामकुमार थापाले जानकारी दिए ।

नगरपालिकाका अनुसार १० वटै वडामा लगत संकलन तथा प्रमाणीकरणका लागि फाराम भर्ने काम अन्तिम चरणमा पुर्‍याउन अब जिल्ला नापी कार्यालय, नापी कार्यालय दमक र जनप्रतिनिधिको त्रिपक्षीय सक्रियतामा सोमबारबाट काम अघि बढाइने भएको छ ।

नगरले अनुसूची-१ र अनुसूची-१७ मा विवरण प्रविष्ट गर्ने काम सम्पन्न भएको र दाबीविरोधका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने प्रक्रियासमेत अघि बढाइएको बताएपनि नापी कार्यालय भद्रपुरका अधिकृत शिवप्रसाद लम्सालले नयाँ ऐन अनुसारको विवरण जिल्लाको रेकडमा नरहेकोले पुन विवरण पेश गर्न नगर नगर जनप्रतिनिधि समक्ष आग्रह गरेका छन् । नयाँ अध्यावधिक र विवरण नहुँदा अव्यवस्थित बसोबासीलाई पुर्जा वितरण गर्न समस्या भएकोले आवश्यक प्राविधिक प्रक्रिया पूरा गरी जिल्ला समितिमा पठाउन आग्रह गरेका छन् ।

कार्यक्रममा उपस्थित वडाअध्यक्षहरूले ऐनले भने अनुसार काम गर्न विभिन्न जटिलता रहेको र हरेक वडाको समस्या लगभग उस्तै रहेको बताए ।

फाराम भर्न छुटेका व्यक्ति, निवेदन दिएर निस्सा प्राप्त गरेपछि मृत्यु भएका आवेदकका परिवार, तथा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि छुट्टाछुट्टै भर्नुपर्ने फाराम गलत वर्गमा भरिएका व्यक्तिको हकमा कसरी प्रक्रिया अघि बढाउने भन्ने विषयमा समस्या देखिएको वडाअध्यक्षहरूले प्रश्न गरेका थिए ।

त्यसैगरी, विगतमा नापीबाट दफा ६(५) अनुसार जग्गाधनी प्रमाणपुर्जा पाएका, जग्गाको कर तिरिरहेका तर पुनः आयोगमा निवेदन दिएका व्यक्तिको अवस्थाबारे पनि प्रश्न उठेको छ । कतिपय जग्गा अख्तियारको रोक्कामा रहेको तथा निवेदक विदेशमा रहेका, मृत्यु भएका वा एउटै पालिकाका फरक वडामा जग्गा भएका व्यक्तिको

बाँकी ४ पेजमा ➤➤

हिमाविले आगामी वर्षबाट सातसय विद्यार्थी थप्ने



दमक/ दमक-२ स्थित हिमालय माध्यमिक विद्यालयले शैक्षिक गुणस्तर सुधार्न अभिभावकसँग परामर्श गरेको छ । विद्यालय परिषरमा शुक्रबार अभिभावकसँगको अन्तरक्रियामा विद्यालयका प्रधानाध्यापक द्रोणबहादुर श्रेष्ठले विद्यालयकासाथै घरपरिवारको बातावरण र अभिभावकको भूमिका उदाहरणीय हुने बताएका छन् । अभिभावकसँगको छलफल र अन्तरक्रियामा उनले विद्यार्थी कस्तो उत्पादन गर्ने भन्ने विषय अभिभावकमा पनि भरपर्ने बताएका हुन् । प्रधानाध्यापक श्रेष्ठले विद्यालयको पढाइको भरमामात्रै अभिभावकले सोचेअनुसार विद्यार्थीको शैक्षिक उन्नती हुन नसक्ने भएकाले विद्यालयसँगै घरमा पनि अध्ययनको बातावरण बनाई अभिभावकले गाइड गर्नुपर्नेमा जोड दिए ।

विद्यालयले विद्यार्थीको सहजताकालागि भवन निर्माणलाई प्राथमिकता दिएको छ । निर्माणाधिन अवस्थामा रहेका २ भवनसहित अब नौ वटा एकेडेमिक भवन

बाँकी ४ पेजमा ➤➤

आयोगको प्रस्ताव:

स्थानीय चुनाव वैशाखमा, प्रदेशसभा चुनाव मंसिरमा



दमक/ निर्वाचन आयोगले आगामी स्थानीय तहको निर्वाचन वैशाखमा र प्रदेशसभा निर्वाचन मंसिरमा गर्ने प्रस्ताव राजनीतिक दलहरुसमक्ष राखेको छ । आयोगले दुवै निर्वाचन एकैपटक गर्ने वा फरक-फरक समयमा गर्ने भन्ने विषयमा दलहरुसँग प्रारम्भिक छलफलसमेत गरेको छ । शुक्रबार आयोगमा आयोजित छलफलमा राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलका शीर्ष नेताहरु सहभागी थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका

बाँकी ४ पेजमा ➤➤

"प्रधानमन्त्री शाहको भारत भ्रमण आर्थिक गतिविधिमा केन्द्रित हुने"

दमक/ प्रधानमन्त्री बालेन्द्र शाहको आगामी आइतबारदेखि हुने दुई दिवसीय भारतको राजकीय भ्रमणका क्रममा द्विपक्षीय व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायतका क्षेत्रमा प्राथमिकता पाउने भएको छ । प्रधानमन्त्री शाहको भारत भ्रमणका बारेमा जानकारी दिने उद्देश्यले आज परराष्ट्र मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उक्त मन्त्रालयका सचिव अमृतबहादुर राईले आपसी सहयोग र सहकार्यसहित विकास निर्माण एवं आर्थिक गतिविधिका विषयलाई प्राथमिकता दिइने बताए । परराष्ट्र सचिव राईका अनुसार औपचारिक भ्रमणका अवसरमा दुई देशबीच सम्पर्क

बाँकी ४ पेजमा ➤➤

उखुबारीमा युवकको शंकास्पद शव फेला

मोरङ/ विराटनगर महानगरपालिका-४ इक्राहीस्थित एक उखुबारीमा शुक्रबार दिउँसो अन्दाजी २५-२६ वर्षीय युवकको शव शंकास्पद अवस्थामा फेला परेको छ । उखुबारीमित्र घोप्टो परेको अवस्थामा भेटिएको उक्त शवको पहिचान भने खुल्न सकेको छैन ।

प्रहरीका अनुसार मृतक युवकको शरीरमा कपडा यथावत् रहेको छ भने उनको दाहिने कानमा चोट लागेर सामान्य रगत बगेको देखिएको छ ।

घटनाको जानकारी पाएलगत्तै मोरङ प्रहरी प्रमुख एसपी कवित कटवाल आफै प्रहरी टोलीसहित घटनास्थलमा पुगेका थिए । एसपी कटवालले युवकको शव शंकास्पद अवस्थामा भेटिएको पुष्टि गरेका छन् । युवकको मृत्यु वन्यजन्तुको आक्रमणबाट भएको हो वा कसैले हत्या गरी उखुबारीमा फालेको हो भन्ने खुल्न सकेको छैन । यद्यपि, घटनास्थलको प्रारम्भिक अवस्था र प्रकृति हेर्दा हत्या गरेर शव फालिएको हुनसक्ने प्रहरीको आशंका छ ।

'देवी ड्रिम पार्क' निर्माणमा रोक

दमक/ झापाको विर्तामोड नगरपालिका-६ स्थित बुधबारे हाटबजारको जग्गामा बनाउन लागिएको देवी ड्रिम पार्क निर्माणको काम तत्काल रोक्न उच्च अदालत विराटनगर इलामले अन्तरिम आदेश दिएको छ ।

उक्त खाली जग्गामा विर्तामोड नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रमअन्तर्गत 'देवी ड्रिम पार्क' निर्माण गर्ने निर्णय गरेसँगै त्यस क्षेत्रका व्यवसायीहरू र स्थानीय सरोकारवालाहरू विरोधमा थिए ।

विगत लामो समयदेखि बुधबारे हाटबजारका रूपमा सञ्चालन हुँदै आएको यस जग्गामा जुत्ता-चप्पल, कपडा तथा विभिन्न खुद्रा व्यापार गर्दै आएका स्थानीय व्यवसायीहरूले आफ्नो रोजगारीको मुख्य आधार यही ठाउँलाई बनाएका थिए ।

विर्तामोड नगरपालिका र स्थानीय व्यवसायीहरूबिच भएको सम्झौतापत्रअनुसार, २०७३ सालमा नै उक्त क्षेत्रमा व्यवस्थित 'देवी हाट बहुउद्देश्यीय व्यावसायिक भवन' (सपिङ कम्प्लेक्स) निर्माण गर्ने र सोही अनुसार व्यवसायीहरूबाट अग्रिम रकमसमेत उठाइएको थियो ।

स्तन क्यान्सर पीडित विश्वकर्मालाई सहयोग गर्न आग्रह



दमक/स्तन क्यान्सर पिडित गंगा विश्वकर्मले उपचारमा सहयोग गरिदिन आग्रह गरेकी छन् । झापाको दमक ५ओमशान्ति टोलमा डेरा गरि बस्ने ३७ वर्षीया गंगा विश्वकर्माले छोरी दिपीसाकै लागि भए पनि बाँच्ने इच्छा भएको तर उपचारमा समस्या भएको बताएकी हुन् । उनले मनकारी सहयोगी हातहरूलाई सहयोग गर्न आग्रह समेत गरेकी छन् ।

शुक्रबार दमक ५ स्थित दिपीनी आधारभूत विधालयको हलमा पिडित पक्षले आयोजना गरेको पत्रकार भेटघाटमा क्यान्सर पिडित गंगाले आफूले कल्पना समेत नगरेको घातक रोग लागेको र उपचारमा भएको धनसम्पत्ति पनि सबै

बाँकी ४ पेजमा ➤➤

BIG DIGITAL

कर्मचारी आवश्यकता

BIG DIGITAL दमकको लागि केही दक्ष तथा अनुभवी कर्मचारी आवश्यक रहेको हुँदा इच्छुकले सम्पर्क गर्न सक्नु हुने छ।

सेल्समयान २ जना

सेल्स असिस्टेन्ट २ जना

योग्यता :
- सम्बन्धीत काममा दक्ष

आवश्यक कागजातहरु :
1. नागरिकता वा मतदाता परिचय पत्रको प्रतिलिपि
2. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
3. सम्बन्धित कामको योग्यताको प्रमाणपत्र तथा इच्छा लिखित निवेदन

पारिश्रमिक :
- सेल्समयान : रु. २६,०००/-
- असिस्टेन्ट : रु. १५,०००/-

सेवाको किसिम : करार सेवा (२ वर्ष अवधी)

सम्पर्क मिति : २०८३ कार्तिक २७ गतेदेखि मङ्सिर ५ गतेसम्म

परीक्षाको किसिम : प्रमाण पत्र तथा योग्यताको आधारमा अन्तरवार्तामा बोलाईने छ ।

arambha.computer@gmail.com
023-576246
9852676246

BIG DIGITAL
दमक, झापा

सम्पादकीय

स्थानीय जनताको सहजतामा पुल निर्माण आवश्यक

विकासको आधार सडक र पुललाई मानिन्छ । सडकले बस्ती जोड्छ, पुलले भूगोल जोड्छ र सहज आवागमनले आर्थिक तथा सामाजिक सम्बन्ध विस्तार गर्छ । तर झापाको कन्काई नदीमा निर्माणाधीन पुलको अवस्था हेर्दा विकासप्रतिको सरकारी प्रतिबद्धता र कार्यान्वयनबीचको दूरी कति फराकिलो छ भन्ने स्पष्ट हुन्छ । एउटा पुल निर्माण गर्न राज्यलाई १४ वर्ष लाग्नु सामान्य ढिलाइ होइन, यो राज्यको जवाफदेहितामाथिकै गम्भीर प्रश्न हो ।

झापा गाउँपालिका-२ र गौरीगञ्ज गाउँपालिका(१ जोड्ने हुलाकी राजमार्गअन्तर्गतको कन्काई पुल विसं २०६८ जेठ ३१ गते निर्माण सम्झौता भएको आयोजना हो । ३४ करोड नौ लाख रूपैयाँ लागतमा निर्माण थालिएको ७२३ मिटर लामो पुल २०७२ जेठ ३० गतेभित्र सम्पन्न गर्ने लक्ष्य थियो । तर पाँचपटक म्याद थप गर्दा पनि भौतिक प्रगति ५६ प्रतिशतमा सीमित र ह्यो । निर्धारित समयभन्दा वर्षौं बितिसक्दा पनि पुल सञ्चालनमा आउन नसक्नुले सरकारी आयोजना व्यवस्थापनको कमजोरी उदाङ्गो बनाएको छ ।

यसको प्रत्यक्ष मार स्थानीय नागरिकले खेपिरहेका छन् । वर्षायाममा कन्काई नदीमा जोखिम मोलेर डुङ्गाबाट वारपार गर्नुपर्ने र हिउँदमा बाँसको अस्थायी पुलबाट शुल्क तिरेर यात्रा गर्नुपर्ने बाध्यता छ । सामान्य आवागमनदेखि शिक्षा, स्वास्थ्य, व्यापार र रोजगारीसम्म प्रभावित हुनु कुनै पनि नागरिकका लागि न्यायोचित अवस्था होइन । पुल बनेको भए झापाका दक्षिणी क्षेत्रबाट कोशी प्रदेशको राजधानी विराटनगरसम्मको यातायात सहज हुनुका साथै व्यापार, पर्यटन र आर्थिक गतिविधिले समेत गति लिने थियो ।

सरकारले पुरानो ठेक्का रद्द गरेर निर्माण कम्पनीबाट ठूलो र कम जरिवाना असुल गर्ने प्रक्रिया अघि बढाउनु सकारात्मक कदम हुन सक्छ । तर जरिवाना असुली नै समस्याको समाधान होइन । जनताले खोजेको जरिवानाको रकमभन्दा पहिले पुल हो । ठेक्का रद्द गर्ने, प्राविधिक अध्ययन गर्ने र नयाँ प्रक्रिया अघि बढाउने नाममा फेरि वर्षौं बिताउने छुट सरकारलाई छैन ।

यस विषयमा सांसदहरूले सदनमा आवाज उठाउने र निर्माणलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाउनु स्वागतयोग्य छ । तर प्रतिबद्धता भाषण र वक्तव्यमा सीमित हुनुहुँदैन । जनप्रतिनिधिले सम्बन्धित मन्त्रालय, सडक विभाग र आयोजना कार्यालयलाई समयसीमासहितको कार्ययोजना बनाउन बाध्य पार्नुपर्छ । नयाँ पुल बनाउने कि पुरानै संरचनाको बाँकी काम सम्पन्न गर्ने भन्ने प्राविधिक निर्णय पनि ढिलाइ नगरी गर्नुपर्छ ।

कन्काई पुल कुनै एक गाउँपालिका वा क्षेत्रको मात्र आयोजना होइन । यो हुलाकी राजमार्गको महत्वपूर्ण कडी र हजारौं नागरिक कको भविष्यसँग जोडिएको पूर्वाधार हो । त्यसैले अब आश्वासन होइन, निर्माणको ठोस सुरूवात आवश्यक छ । राज्यले नागरिक कलाई जोखिमपूर्ण नदी यात्रा र अस्थायी पुलको बाध्यताबाट मुक्त गर्नुपर्छ । १४ वर्षको प्रतीक्षा अब अन्त्य हुनुपर्छ । कन्काई पुल अलपत्र पार्ने होइन, तत्काल सम्पन्न गर्ने राष्ट्रिय प्राथमिकताको आयोजना बन्नुपर्छ ।



◆ विमल लामिछाने

दक्ष जनशक्तिको पलायन रोक्न स्वदेशमै अनुसन्धान, प्रविधि, स्वास्थ्य, शिक्षा र उद्यमशीलताको वातावरण सुधार्दै वैदेशिक रोजगारीलाई सुरक्षित, सीपयुक्त र मर्यादित बनाउने दीर्घकालीन रणनीति अवलम्बन गर्नुपर्छ । समग्रमा, रेमिट्यान्सलाई 'श्राप' होइन, 'रूपान्तरणको पुँजी' बनाउन सके मात्र नेपालको अर्थतन्त्र दिगो विकासको बाटोमा अघि बढ्न सक्छ ।

रेमिट्यान्समा अढेको नेपाली अर्थतन्त्र

कुनै समय कृषि, पर्यटन, व्यापार र वैदेशिक सहायतालाई अर्थतन्त्रको प्रमुख आधार मानिन्थ्यो । तर पछिल्ला दुई दशकमा वैदेशिक रोजगारीको विस्तारसँगै भित्रिने रेमिट्यान्सले ती परम्परागत खम्बाहरूलाई भत्काइदिएको छ । देशको मुख्य आर्थिक आधारको रूप रेमिट्यान्स छ ।

नेपालको अर्थतन्त्र आज एक गम्भीर, रणनीतिक र अस्तित्वसँग जोडिएको छ, जहाँ बाह्य आर्थिक सूचकहरू अभूतपूर्व रूपमा बलियो देखिरहेछन्, तर आन्तरिक उत्पादन र संरचनागत विकासको जग अझै कमजोर छ । हिजोको तुलनामा आज रेमिट्यान्स केवल परिवारको अतिरिक्त आय मात्र रहेन; यो समग्र राष्ट्रको बाह्य स्थायित्व, उपभोगको गति, बैंकिङ प्रणालीको प्राण र गरिबी न्यूनीकरणको प्रमुख माध्यम बनेको छ । तर यही निर्भरता कति सुरक्षित छ, कहिलेसम्म टिक्छ र यसले मुलुकलाई आत्मनिर्भरतातर्फ लैजान्छ कि अझ गहिरो परनिर्भरतामा धकेल्छ भन्ने प्रश्न अब केवल सैद्धान्तिक बहस मात्र रहेन, बरू नीतिगत निर्णयको अपरिहार्य घडी बनेको छ ।

हालैका आर्थिक तथ्यांकले नेपाली अर्थतन्त्रमा रेमिट्यान्सको प्रमुख कति गहिरो भइसकेको छ भन्ने स्पष्ट चित्र प्रस्तुत गर्छन् । आर्थिक वर्ष २०८२-८३ -२०२५/२६) मा नेपालमा करिब २३ खर्ब ६३ अर्ब रूपैयाँ रेमिट्यान्स भित्रियो, जुन अघिल्लो वर्षको तुलनामा ३७.१ प्रतिशतको उल्लेखनीय वृद्धि हो । दैनिक औसत करिब ७ अर्ब रूपैयाँभन्दा बढी भित्रिने यो विशाल रकम कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब ३३ देखि ३५ प्रतिशतभन्दा बढी पुगेको अनुमान छ, जुन विश्वका उच्च रेमिट् यान्स(निर्भर र अर्थतन्त्रहरूमध्ये अग्रस्थानमा पर्छ । विगतमा जिडिपीको करिब २० प्रतिशत हाराहारीमा सीमित रहने रेमिट्यान्सको अनुपात यसरी उकिल्नुमा खाडी र मलेसियाका परम्परागत गन्तव्यसँगै दक्षिण कोरिया, जापान, रोमानिया, क्रोएसिया र पोर्चुगलजस्ता तुलनात्मक रूपमा उच्च पारिश्रमिक पाइने श्रमबजारमा नेपालीको पहुँच बढ्नु तथा विनिमय दरको उतारचढावले पनि भूमिका खेलेको छ । तर यही अंकको चमकले हाम्रो आन्तरिक आर्थिक कमजोरीलाई कतै छोपिरहेको त छैन भन्ने गम्भीर समीक्षा आवश्यक छ ।

रेमिट्यान्सले नेपाली समाज र अर्थतन्त्रलाई तत्कालका संकटबाट जोगाउन निर्णायक भूमिका खेलेको कुरा निर्विवाद छ । देशका आधाभन्दा बढी घरपरिवारमा रेमिट्यान्सको प्रवाह पुग्दा लाखौं परिवारको खानपान, पोषण, विद्यालय शिक्षा, स्वास्थ्य उपचार र आवासको स्तरमा प्रत्यक्ष सुधार आएको छ ।

सन् १९९० को दशकको मध्यतिर करिब ४२ प्रतिशत रहेको गरिबीको दर आज घटेर २० प्रतिशत आसपास झर्नुमा वैदेशिक रोजगारीबाट प्राप्त आयको योगदान महत्वपूर्ण मानिन्छ । गरिबीको रेखामुनि रहेका परिवारका लागि यो रकम केवल तथ्यांकको अंक होइन, सम्मानजनक जीवन बाँच्ने आधार र भविष्यप्रतिको आशा हो।विदेशी मुद्रा सञ्चित र बाह्य क्षेत्रको स्थायित्वमा रेमिट्यान्सको योगदान असाधारण देखिएको छ ।

नेपालको वस्तु निर्यात आयातको तुलनामा निकै सानो आकारमा सीमित हुँदा उत्पन्न हुने विदेशी विनिमयको खाडललाई रेमिट्यान्सले नै भरथेग गर्दै आएको छ । आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म कुल विदेशी विनिमय सञ्चित करिब ३८ खर्ब ९८ अर्ब रूपैयाँ (करिब २५.३१ अर्ब अमेरिकी डलर) पुगेको थियो, जुन करिब १९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ । त्यसपछिका महिनामा पनि यो सञ्चित उकालो लाग्दै करिब ३९ खर्ब ४६ अर्ब रूपैयाँ नजिक पुग्नुले बाह्य भुक्तानी प्रणालीलाई मजबुत बनाएको छ । यही बलियो बाह्य जगकै कारण फराकिलो व्यापार घाटाका बाबजुद चालु खाता र शोधनान्तर स्थिति बचतमा रहन सकेका छन्, जसले अन्तर्राष्ट्रिय भुक्तानी सन्तुलन कायम राख्न र सम्भावित बाह्य संकटको जोखिम घटाउन ठूलो टेवा पुऱ्याएको छ ।

रेमिट्यान्सको प्रभाव बजारको माग, सरकारी राजस्व र बैंकिङ प्रणालीसम्म उत्तिकै गहिरो गरी फैलिएको छ । विदेशबाट भित्रिने रकमको ठूलो हिस्सा दैनिक घरखर्च, लत्ताकपडा, खाद्यान्न, इन्धन, इलेक्ट्रोनिक उपकरण र सवारीसाधनको खरिदमा खर्च हुँदा सहरी तथा ग्रामीण बजारमा उपभोगको चक्र चलिरहन्छ । नेपालको कर प्रणालीमा आयातमा आधारित भन्सार तथा मूल्य अभिवृद्धि करको हिस्सा ठूलो भएकाले रेमिट्यान्सले बढाउने उपभोग र आयातले अप्रत्यक्ष रूपमा सरकारी राजस्व संकलनलाई पनि भरथेग गरिरहेको छ । अर्कोतर्फ, रेमिट्यान्सकै कारण बैंक तथा वित्तीय संस्थामा निक्षेप बढ्ने क्रम जारी छ; आर्थिक वर्ष २०८२/८३ मा निक्षेप १३.९ प्रतिशतले वृद्धि भई ८२ खर्ब ७७ अर्ब रूपैयाँ नजिक पुग्दा बैंकिङ प्रणालीमा पर्याप्त तरलता सिर्जना भएको छ । यसले निक्षेप तथा कर्जाको ब्याजदर घटाउन सघाए पनि निजी क्षेत्रमा कर्जा विस्तारको गति सुस्त रहनु र पुँजीगत खर्च कमजोर हुनुले अर्थतन्त्रको वास्तविक विस्तारलाई अपेक्षाकृत गति दिन सकेको छैन ।

जीवनरेखाले बिरामीलाई सास फेर्न त सघाउँछ, तर पूर्ण रूपमा स्वस्थ बनाउँदैन । रेमिट्यान्सले नेपालको अर्थतन्त्रलाई तत्काल जोगाएको छ, तर आत्मनिर्भर र गतिशील बनाउन अझै सकेको छैन । तथ्यांकमा देखिने यही बाह्य सहजताले दीर्घकालीन संरचनागत कमजोरीहरूलाई छोपिरहेको छ, जसलाई 'सुविधाको जाल' भन्न सकिन्छ । रेमिट्यान्सको अधिकांश हिस्सा अनुत्पादक वा तात्कालिक उपभोगमा खर्च हुँदा कृषि आधुनिकीकरण, औद्योगिक उत्पादन, ऊर्जा उपयोग र स्वदेशी उद्यमशीलतामा पर्याप्त पुँजी परिचालन हुन सकेको छैन ।

आर्थिक वर्ष २०८२/८३ मा वस्तु निर्यात १३८ प्रतिशतले बढेर ३ खर्ब १५ अर्ब रूपैयाँ पुग्दा वस्तु आयात बढेर २० खर्ब ९६ अर्ब रूपैयाँ नाघ्दा र व्यापार घाटा १६.६ प्रतिशतले उकिल्दर १७ खर्ब ८१ अर्ब रूपैयाँ पुग्यो । निर्यात र आयातको अनुपात करिब १५ प्रतिशत मात्र रहनुको अर्थ नेपालले करिब १ रूपैयाँको वस्तु निर्यात गर्दा ६ रूपैयाँ ६६ पैसाभन्दा बढीको वस्तु आयात गरिरहेको छ, र यो असन्तुलन रेमिट्यान्सकै भरमा धानिएको छ ।

यस्तो अवस्थामा रेमिट्यान्सले अर्थतन्त्रलाई बचाएको त छ, तर आँ नै खुट्टामा उभिएर दौडिन सक्ने गरी उठाएको छैन । यससँगै जोडिएका अरू दुई गम्भीर जोखिमले भविष्यको बाटोलाई अझ संवेदनशील बनाएका छन् । बाहिरबाट हेर्दा रेमिट्यान्स धनको प्रवाह देखिए पनि भित्री रूपमा यो मानव पुँजीको विसर्जन हो । राज्य र परिवारको लगानीमा हुर्किएका, पढेका र दक्ष बनेका चिकित्सक, इन्जिनियर, नर्स, सूचना प्रविधि विज्ञ तथा सीपयुक्त युवाहरू स्वदेशमा गुणस्तरीय रोजगारी, सम्मान र भविष्य नदेखेर बाहिरिँदा भोलि देशलाई आवश्यक पर्ने बौद्धिक तथा प्राविधिक जनशक्तिको अभाव हुने खतरा बढेको छ। अर्कोतिर, बाह्य श्रमबजारको अनिश्चितता पनि उत्तिकै जोखिमपूर्ण छ । खाडी राष्ट्रहरू, मलेसिया र केही पश्चिमा मुलुकमा केन्द्रित रोजगारी ती देशको आर्थिक मन्दी, भिसा तथा श्रम नीतिको परिवर्तन, हरित ऊर्जा रूपान्तरण वा भूराजनीतिक तनावबाट जुनसुकै बेला प्रभावित हुन सक्छ ।

एउटै बास्केटमा धेरै अन्डा राख्दा आउने जोखिमजस्तै बाह्य श्रमबजारमाथिको अत्यधिक निर्भरता दीर्घकालमा संवेदनशील देखिन्छ । निकट भविष्यमा-सम्भवतः अझै केही वर्ष वा दशक आसपाससम्म-रेमिट्यान्स प्रवाह उच्च नै रहने सम्भावना बलियो छ । तर यही सम्भावनाले हामीलाई आत्मसन्तुष्ट होइन, अझ बढी सतर्क र दूरदर्शी बनाउनुपर्छ । आजको यो सहज समय आराम गर्ने होइन, संरचनागत सुधार गर्ने ऐतिहासिक अवसर हो ।

अबको मूल प्रश्न रेमिट्यान्स कहिलेसम्म चल्छ भन्ने होइन, बरू मित्रिरहेको यो पुँजी र अनुभवलाई कसरी उत्पादनशील अर्थतन्त्रमा रूपान्तरण गर्ने भन्ने हो।यसका लागि अब के गर्ने सकिन्छ भन्ने स्पष्ट मार्गचित्र आवश्यक छ । पहिलो, रेमिट्यान्सलाई सुरक्षित, पारदर्शी र आकर्षक प्रतिफल दिने उत्पादनशील लगानीमा जोड्न विशेष वित्तीय उपकरणहरू जस्तै जलविद्युत, प्रसारण लाइन, कृषि प्रशोधन, पर्यटन पूर्वाधार र सामूहिक लगानी कोषमा लक्षित सेयर तथा बन्ड जारी गरी वैदेशिक रोजगारीमा रहेका र फर्किएका श्रमिकलाई प्राथमिकता दिनुपर्छ ।

दोस्रो, विदेशबाट फर्किएका श्रमिकको सीप, पुँजी र कार्यअनुभवलाई स्वदेशमै उपयोग गर्न 'फर्केका श्रमिक उद्यमशीलता कार्यक्रम' सञ्चालन गर्दै सहुलियतपूर्ण कर्जा, प्राविधिक तालिम, बजार पहुँच र एकद्वार सेवा सुनिश्चित गरिनुपर्छ । तेस्रो, बढ्दो आयात र व्यापार घाटा घटाउन कृषि उत्पादकत्व वृद्धि, पशुपालन, खाद्य प्रशोधन र स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगलाई प्रोत्साहन दिनुपर्छ ताकि रेमिट्यान्सको पैसा विदेशका सामान किन्न होइन, स्वदेशी उत्पादन बढाउन खर्च होस् । चौथो, बैंकिङ प्रणालीमा थुप्रिएको तरलतालाई अनुत्पादक क्षेत्रमा जान नदिई वास्तविक उत्पादनशील क्षेत्रमा प्रवाह गर्न मौद्रिक र नियामकीय नीतिलाई अझ प्रभावकारी बनाउनुपर्छ, साथै पुँजीगत खर्चको दक्षता बढाएर पूर्वाधार निर्माणलाई तीव्रता दिनुपर्छ । पाँचौं, दक्ष जनशक्तिको पलायन रोक्न स्वदेशमै अनुसन्धान, प्रविधि, स्वास्थ्य, शिक्षा र उद्यमशीलताको वातावरण सुधार्दै वैदेशिक रोजगारीलाई सुरक्षित, सीपयुक्त र मर्यादित बनाउने दीर्घकालीन रणनीति अवलम्बन गर्नुपर्छ । समग्रमा, रेमिट्यान्सलाई 'श्राप' होइन, 'रूपान्तरणको पुँजी' बनाउन सके मात्र नेपालको अर्थतन्त्र दिगो विकासको बाटोमा अघि बढ्न सक्छ ।

आज भित्रिएको रेमिट्यान्सले दिएको सास फेर्ने अवधिलाई यदि हामीले संरचनागत रूपान्तरणमा लगाउन सकेनौं भने भविष्यमा आउने कुनै पनि बाह्य झट्काले अर्थतन्त्रलाई गम्भीर संकटमा पार्न सक्छ । त्यसैले विदेशमा पसिना बगाउने प्रत्येक श्रमिकको योगदानको सम्मान गर्दै उनीहरूको कमाइलाई स्वदेशमै समृद्धि र अवसर सिर्जना गर्ने माध्यम बनाउनु नै आजको सबैभन्दा ठूलो नीतिगत र नैतिक दायित्व हो ।

पाठक पत्र

स्थानीय तहमा टकराव होइन हेलमेल चाहियो

सम्पादकज्यू,

स्थानीय तहमा जनताले विकास र सुशासनको अपेक्षा राखेर जनप्रतिनिधि चुनेका हुन्छन् । तर पछिल्लो समय देशका विभिन्न स्थानीय तहमा प्रमुख र उपप्रमुखबीच देखिने आपसी असमझदारी, राजनीतिक खिचातानी र विवादले विकासका काममा समेत असर पारिरहेको देखिन्छ । यस्तो अवस्था बराहक्षेत्रमा पनि दोहोरिनु दुःखद हो ।

राजनीतिक विचार, दलगत आस्था र व्यक्तिगत मतभिन्नता हुनु स्वाभाविक हो । लोकतन्त्रमा फरक विचार र दृष्टिकोणको सम्मान हुनुपर्छ । तर राजनीतिक मतभेदकै कारण जनताको दैनिक जीवनसँग जोडिएका विकास निर्माणका काम प्रभावित हुनु कुनै पनि हालतमा उचित होइन । प्रमुख र उपप्रमुख दुवै जनताबाट निर्वाचित प्रतिनिधि हुन् । उनीहरूको पहिलो दायित्व जनताको सेवा गर्नु र नगरको समग्र विकासमा योगदान पुऱ्याउनु हो ।

हाम्रै गाउँठाउँमा बन्नुपर्ने सडक, पुल, खानेपानी, शिक्षा, स्वास्थ्य तथा अन्य पूर्वाधारका योजना आपसी विवादका कारण रोकिँदा त्यसको प्रत्यक्ष मार जनतालाे भोग्नुपर्छ । विकासका योजना कसले अघि बढायो, कसको पहलमा शिलान्यास भयो वा कसले जस लिने भन्नेभन्दा पनि काम समयमै सम्पन्न भयो कि भएन भन्ने कुरा महत्वपूर्ण हो ।

जनप्रतिनिधिहरूबीचको असमझदारी लम्बिँदै जाँदा विकासका अवसर गुम्ने मात्र होइन, जनतामा स्थानीय सरकारप्रतिको विश्वाससमेत कमजोर हुँदै जान्छ । यस्तो विवादबाट अन्ततः फाइदा जनताले होइन, विकास विरोधी प्रवृत्तिले उठाउने निश्चित छ ।

त्यसैले प्रमुख र उपप्रमुख दुवैले राजनीतिक दाउपेच र व्यक्तिगत आग्रहभन्दा माथि उठेर संवाद र सहकार्यको बाटो रोज्नुपर्छ । एकअर्काका विचार सुन्ने, कमजोरी स्वीकार गर्ने र साझा सहमतिका आधारमा अघि बढ्ने संस्कार विकास गर्न आवश्यक छ । बराहक्षेत्रको विकास कुनै एक व्यक्ति, दल वा पदाधिकारीको मात्र जिम्मेवारी होइन । यो हामी सबैको साझा सरोकार र दायित्व हो । जनताको मतको सम्मान गर्दै विवाद होइन, सहकार्यको राजनीति गरौं । पद र प्रतिष्ठाभन्दा जनताको आवश्यकता ठूलो हुन्छ । आजसम्मै आपसी मनमुटाव त्यागेर बराहक्षेत्रको lJsf, ;dfj/ ;Zj;gsfnflus]hbaJ - रोजन राई, बराहक्षेत्र

२३ वर्षदेखि चिठी बाड्दै हिंडेकी निर्मलाको तलब न्युन

इटहरी : सरकारी हुलाक सेवामा २३ वर्ष बिताएकी इटहरीकी निर्मला अधिकारी लम्साल मासिक आठ हजार रूपैयाँ पारिश्रमिकमा काम गर्न बाध्य छिन् । इटहरी उपमहानगरपालिका-२० तरहरास्थित अतिरिक्त हुलाकमा कार्यरत उनले दुई छोराको पालनपोषणदेखि घरखर्चसम्म यही रकमबाट धान्नुपरेको छ । वर्षौंसम्म अरूका चिठी घरघर पुऱ्याउँदै आएकी उनले आँ नै श्रमको उचित मूल्य र समस्याको सुनुवाइका लागि भने लामो समयदेखि सरकारसँग आग्रह गर्दै आएकी छन् ।

२०६० साल मंसिर ८ गते मासिक ६५० रूपैयाँ पारिश्रमिकमा हुलाक सेवा सुरू गरेकी निर्मलाको तलब अहिले आठ हजार रूपैयाँ पुगेको छ । तर, पछिल्लो सात वर्षदेखि पारिश्रमिक वृद्धि नभएको उनको गुनासो छ । 'छोराहरूलाई पढाउनुपऱ्यो, बढाउनुपऱ्यो । आफूले पनि खानुपऱ्यो । भोक त लाग्छ नि । आठ हजारले के-के गर्नु ? उनी प्रश्न गर्छिन् ।

निर्मला एकल महिला हुन् । उनका श्रीमान् छैनन् । दुई छोराको पढाइ, पालनपोषण र दैनिक घरखर्चको जिम्मेवारी उनकै काँधमा छ । हुलाकबाट आउने पारिश्रमिकबाहेक अर्को नियमित आम्दानीको स्रोत नभएकाले आठ हजार रूपैयाँले परिवार चलाउन कठिन भइरहेको उनी बताउँछिन् ।

निर्मलाले काम सुरू गर्दा भविष्यमा पारिश्रमिक बढ्दै जाने र लामो समयसम्म सेवा गर्न पाइने आश्वासन पाएकी थिइन् । त्यही विश्वासमा उनले अन्य रोजगारीको सम्भावनामन्दा अतिरिक्त हुलाकको सेवालाई निरन्तरता दिइन् । सुरूमा ६५० रूपैयाँ रहेको पारिश्रमिक क्रमशः आठ सय, एक हजार दुई सय, एक हजार चार सय, एक हजार छ सय हुँदै तीन हजार दुई सय रूपैयाँ पुगेको थियो । पछिल्लो पटक चार हजार पाँच सयबाट बढाएर आठ हजार रूपैयाँ बनाइएको उनले बताइन् ।

तर, कामको जिम्मेवारी र महँगी बढे पनि आम्दानी भने स्थिर रहेको उनको भनाइ छ । 'त्यतिबेला थोरै पैसाले पनि धेरै सामान आउँथ्यो । अहिले आठ हजारले घर चलाउनै सकिँदैन,' उनले भनिन् ।

निर्मला र उनीसँगै कार्यरत कुमारी बानियाँले इटहरी



उपमहानगरपालिकाका वडा नम्बर १, १९ र २० मा चिठीपत्र वितरणको जिम्मेवारी सम्हार्दै आएका छन् । इटहरीबाट डाँक ल्याउने, पत्र व्यवस्थापन गर्ने, ठेगाना खोज्ने र घरघरमा पुगेर पत्र बुझाउने काम उनीहरूकै हो । कार्यालयमा सोमबार र बिहीबार बिहान ९ देखि दिउँसो १ बजेसम्म काम गर्ने व्यवस्था भए पनि पत्र वितरणका लागि साँझसम्म खटिनुपर्ने निर्मला बताउँछिन् ।

पहिले व्यक्तिगत चिठीपत्र बढी आउने गरे पनि अहिले बैंक तथा वित्तीय संस्थाका पत्रको चाप बढेको छ । एउटै व्यक्तिका नाममा सातामा १० देखि १५ वटासम्म पत्र आउने गरेको उनको भनाइ छ । सम्बन्धित व्यक्ति घरमा नभेटिने, फोन नउठाउने र कतिपयले पत्र फिर्ता पठाउन आग्रह गर्ने भएकाले एउटै पत्र बुझाउन पटकपटक धाउनुपर्ने अवस्था छ । अन्तर्वार्ताका क्रममा निर्मलासँग नौवटा र डाँक लिन इटहरी पुगेकी कुमारीसँग थप ५७ वटा पत्र थिए ।

तीनवटा वडामा पत्र वितरण गर्नुपर्दा कतिपय दिन पाँचदेखि सात किलोमिटरभन्दा बढी पैदल हिँड्नुपर्ने अवस्था छ । वर्षौं हिँडेर काम गर्दा निर्मलाको घुँडा दुख्न थालेको छ । पहिले उपलब्ध साइकल बिग्रिएपछि अहिले पैदलै पत्र वितरण गर्नुपर्ने बाध्यता छ । डाँक लिन इटहरी आउजाउ गर्दा लाग्ने यातायात भाडा र पत्र बुझाउन फोन गर्दा लाग्ने खर्चसमेत आँ नै तलबबाट व्यहोर्नुपर्छ । 'सिटी चद्दा जान ५० र आउन ५० रूपैयाँ लाग्छ । फोन गर्न आँ नै पैसा खर्च हुन्छ । आठ हजारबाट कति खर्च गर्ने ? उनले भनिन् ।

निर्मलाका अनुसार अतिरिक्त हुलाक प्रतिनिधिले आठ हजार र पत्र वितरक तथा डाँकवाहकले सात हजार रूपैयाँ हाराहारी पारिश्रमिक पाउँछन् । उस्तै प्रकृतिको काम गर्ने करार कर्मचारीले भने २७ देखि २८ हजार रूपैयाँसम्म पाउने गरेको उनको दाबी छ । जिल्ला हुलाक कार्यालय सुनसरीका सूचना अधिकारी नारायण थापाका अनुसार जिल्लामा कार्यरत ४५ जना पत्र वितरक, डाँकवाहक तथा हुलाक प्रतिनिधि न्यून पारिश्रमिकमा काम गरिरहेका छन् । पत्र वितरक तथा डाँकवाहकले मासिक सात हजार २७५ रूपैयाँ र हुलाक प्रतिनिधिले आठ हजार ३१० रूपैयाँ पाउने गरेका छन् ।

आँ नो समस्याबारे जिल्ला हुलाक कार्यालयमा पटकपटक जानकारी गराए पनि विभागको निर्णय पर्खनुपर्ने जवाफ मात्रै पाएको निर्मलाको गुनासो छ । २३ वर्ष सेवा गरिसकेकी उनी अझै सात वर्ष काम गर्न चाहन्छिन् । अतिरिक्त हुलाकमा ३० वर्षसम्म काम गर्न पाइने जानकारी आएकी उनले बाँकी समय पनि यही पारिश्रमिकमा कसरी बिताउने भन्ने चिन्ता व्यक्त गरिन् । 'पहिले भए अर्को जागिर खोज सकिन्थ्यो होला । अब यो उमेरमा हामी कुन पदको जागिर खोज्न जाऊँ ? कसले दिन्छ जागिर ? उनी प्रश्न गर्छिन् । उनको माग ठूलो पद वा विशेष सुविधा होइन, गरेको श्रमको उचित मूल्य र परिवार पाल्न पुग्ने पारिश्रमिक हो ।

सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक र श्रम अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाइरहेका बेला सरकारी हुलाक सेवामै दशकौंदेखि काम गरेका कर्मचारीको अवस्था भने दयनीय देखिएको छ । अरूका चिठी समयमै गन्तव्यसम्म पुऱ्याउने निर्मलाको आँ नै गुनासो र पीडाको सन्देश भने अहिलेसम्म सम्बन्धित निकायसम्म प्रभावकारी रूपमा पुग्न सकेको छैन ।

अन्तु डाँडामा सूर्योदय हेर्नको भिड



इलाम/ अन्तु डाँडामा सूर्योदय हेर्नको भिड लाग्न थालेको छ । खुलेको आकाशसँगै श्रीअन्तुबाट सूर्योदयको दृश्य राम्रो देखिन थालेपछि अन्तुमा पर्यटकको भिड लाग्ने गर्छ । अन्तुक्षेत्रमा लोपोन्मुख लेप्चा जातिको संस्कृति, अन्तुपोखरी, मनमोहक हरियाली, चियाबारी, डाँडाकाँडाको दृश्य र हिमाल आकर्षक देखिने भएका कारण त्यसको मज्जा लिन पनि पर्यटक बाक्लै आउने गरेका छन् ।

नेपालकै सुदूरपूर्वमा पर्ने इलामको श्रीअन्तु डाँडामा पर्यटकको भिड बढेको हो । इलामसँगै नेपालका अन्य जिल्ला, भारतको दार्जिलिङ, सिक्किम, सिलिगुडीलगायत तेस्रो मुलुकबाट सूर्योदयको दृश्यावलोकनकै लागि पर्यटक यहाँ आउने क्रम बढेको हो । श्रीअन्तुबाट झापा, कन्याम, भारतको दार्जिलिङ, मिरिक, सिलिगुडीलगायतका बजार वरिपरि झैं देखिन्छ । समुद्री सतहदेखि सात हजार ६३८ फिट उचाइमा रहेको श्रीअन्तु पुग्न मेची राजमार्गामा पर्ने फिक्कलबाट १३ किलोमिटर सडक पार गर्नु पर्छ । यहाँ भदौ दोस्रो सातादेखि पर्यटकको भिड लाग्छ । पक्की सडक र अनुपोखरीमा निरन्तर डुङ्गा चल्ने भएकाले यहाँ बाह्रै महिना पर्यटक आउने गर्छन् ।

पर्यटकका लागि भनेर खान र बस्न घर घरमा होमस्टेको व्यवस्था रहेको अन्तुका होटेल व्यवसायी रुद्र घिमिरेले जानकारी दिनुभयो । घिमिरेका अनुसार अहिले सरदर दैनिक तीन हजारको हाराहारीमा पर्यटक आउने गरेका छन् । यहाँ अहिले ठुलासाना गरी ११० वटा होटेल, कटेज र ६५ वटा होमस्टे छन् ।

सामान्य ज्ञान

Father of Science> अल्वर्ट आईन्स्टाईन
Father of Electricity–> माईकल फाराडे
Father of Physics—> सर आईज्याक न्युटन
Father of Biology—> एरिस्टोटल
Father of Zoology—> एरिस्टोटल
Father of Kinesiology–> एरिस्टोटल
Father of Botany—> थियोफ्रेटस
Father of Chemistry–> रोबर्ट बोयल
Father of Genetics–> जोहान ग्रेगर मेण्डल
Father of Modern Physics—> विलियम वाट्सन
Father of Blood Circulation—> विलियम हार्वे
Father of Evolution–> चार्ल्स डार्विन
Father of Geometry–> युक्लाईड
Father of History—> हेरोडोट्स
Father of Medicine–>हिप्पोक्रेट्स
Father of Computer—> चार्ल्स ब्याबेज
Father of Atomic Structure—> जोन डाल्टोन
Father of Atom Bomb—> अटोहान
Father of Philosophy–> प्लेटो
Father of Sociology—> अगस्ट कम्टे
Father of Educational Sociology—> जर्ज प्याने
Father of Football—> जुलियस रिमेट
Father of Textbook–> जोहान एस. कोमेनियस
Father of Population–> S.R वेयल्याण्ड
Father of Demography–> जोन ग्रान्ट
Father of Geography–> ईरटोस्थनिज
Father of Human Geography–>फ्रेडरिक रिटजेल
Father of Epidemiology–> जोन स्नो

पक्राउको नाटकले विवाद, मनोज गजुरेलले मागे माफी



दमक । चलचित्र 'ककाकिकी'को प्रचारका क्रममा कलाकारलाई प्रहरीले पक्राउ गरेजस्तो दृश्य प्रस्तुत गर्दा वास्तविक पक्राउको भ्रम सिर्जना भएपछि कलाकार मनोज गजुरेलले माफी मागेका छन् । शनिबार काठमाडौंको न्यूरोडस्थित रञ्जना सिनेप्लेक्समा आयोजित ट्रेलर सार्वजनिक कार्यक्रममा गरिएको उक्त प्रस्तुतिको सामाजिक सञ्जालमा आलोचना भएपछि उनले आइतबार फेसबुकमार्फत आ' नो धारणा सार्वजनिक गरेका हुन् ।

कार्यक्रमको अन्त्यतिर प्रहरीको टोली हलभित्र प्रवेश गरी चलचित्रका निर्देशक बिक्की अग्रवाल, अभिनेत्री गौरी मल्ल तथा कलाकार मनोज गजुरेल र शिशिर वाङ्देलगाई नियन्त्रणमा लिएजसरी बाहिर निकालेर प्रहरी भ्यानमा राखिएको थियो । उक्त दृश्य वास्तविक पक्राउजस्तै देखिएपछि कलाकार पक्राउ परेको भन्दै मिडियो र समाचार सामाजिक सञ्जालमा फैलिएका थिए ।

तर, निर्माण पक्षले उक्त घटना वास्तविक नभई चलचित्रको कथावस्तुमा आधारित प्रचारात्मक प्रस्तुति भएको स्पष्ट पारेको थियो । चलचित्रमा प्रहरीले पात्रहरूलाई नियन्त्रणमा लिने दृश्यलाई ट्रेलर सार्वजनिक कार्यक्रममा पुनः प्रस्तुत गरिएको निर्माण पक्षको भनाइ छ ।

माया इन्टरटेनमेन्ट स्टुडियो प्रालिले जिल्ला प्रहरी परिसर काठमाडौंलाई पत्र लेख्दै उक्त दृश्य काल्पनिक भएको जनाएको छ । चलचित्रको छायांकन तथा प्रचारप्रसारका क्रममा प्रहरीसँग आवश्यक समन्वय र अनुमति लिएर प्रस्तुति तयार गरिएको र कुनै पनि कलाकार वा चलचित्रकर्मी वास्तविक रूपमा पक्राउ नपरेको कम्पनीले स्पष्ट पारेको छ ।

यद्यपि, प्रहरीको पोसाक र पक्राउको दृश्यलाई वास्तविक घटनाजस्तो प्रस्तुत गर्दा सर्वसाधारणमा भ्रम फैलिएको भन्दै प्रचार शैलीको आलोचना भएको छ ।

प्रचारात्मक प्रस्तुतिमा सहभागी कलाकार मनोज गजुरेलले दर्शकमा भ्रम सिर्जना भएकोप्रति दुःख व्यक्त गर्दै माफी मागेका छन् । उनले आफू सस्तो प्रचारबाजीभन्दा सिर्जनाको गुणस्तर र दर्शकको विश्वासमा आस्था राख्ने व्यक्ति भएको उल्लेख गरेका छन् । नियत राम्रो हुँदाहुँदै पनि निर्णयमा त्रुटि हुन सक्ने भन्दै त्यसलाई स्वीकार गरी सुधार गर्नु सर्जकको दायित्व भएको उनको भनाइ छ । मनोरञ्जनका नाममा समाजमा अनावश्यक भ्रम फैलाउनु उचित नहुने उनले बताएका छन् ।

उनले प्रचारको एउटा शैलीकै आधारमा चलचित्रको समग्र मूल्यांकन नगर्न पनि दर्शकसँग आग्रह गरेका छन् ।

चलचित्र 'ककाकिकी'मा कुलेबारी गाउँका स्थानीयले अस्पताल निर्माण गर्न गरेको प्रयास र त्यसका लागि बनाएका योजनालाई हास्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । अस्पताल बनाउन बैंक लुट्नेसम्मको योजना बनाइएको दृश्य ट्रेलरमा समेटिएको छ । चलचित्रमा तृप्ति नाडकर, गौरी मल्ल, रेखा थापा, महेश त्रिपाठी, शिशिर वाङ्देल, दिया मास्के र मनोज गजुरेलगायत कलाकारको अभिनय छ ।

बिक्की अग्रवाल र श्रद्धा प्रसाईंको निर्देशन रहेको चलचित्रको लेखन बिक्की अग्रवाल, सरोज भण्डारी र विकास अर्यालले गरेका हुन् । श्रद्धा प्रसाईं र सुमित्रा थापा निर्माता रहेको चलचित्रमा हास्यसँगै सामाजिक विषयवस्तु समेटिएको निर्माण पक्षले जनाएको छ ।

यसअघि भदौ ९९ गते प्रदर्शन गर्ने तयारी गरिएको चलचित्र बाढीपहिरोबाट भएको जनधनको क्षतिलाई ध्यानमा राख्दै सारिएको थियो । अब चलचित्र आगामी मंसिर ११ गतेदेखि देशभर प्रदर्शनमा आउने तयारीमा छ ।

इतिहास

नेवारको आँखाबाट पृथ्वीनारायण शाह





कुमार बेन
प्रधानमन्त्रीका प्रमुख सल्लाहकार

पृथ्वीनारायण शाहको एकीकरण अभियान : नेवार समुदायको ऐतिहासिक दृष्टिकोण र तत्कालीन भू-राजनीतिक यथार्थ

१. एक नेवारका रुपमा पृथ्वीनारायण शाहलाई हेर्दा

म पनि ललितपुरलाई मूल थलो बनाएको एक नेवार हुँ । पृथ्वीनारायण शाह र उपत्यकाका तीन मल्ल राज्यहरुको सम्बन्धबारे प्रशस्त चर्चा, परिचर्चा र लेखहरु प्रकाशित हुँदै आएका छन् । यस विषयमा नेवार समुदायमित्र पनि फरक(फरक धारणा पाइन्छन् ।

पृथ्वीनारायण शाहसँग नेवार समुदाय अनिवार्य रुपमा जोडिन्छ, किनकि उनले विजय हासिल गरेका राज्यहरुमध्ये रणनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिले सबैभन्दा महत्त्वपूर्ण राज्यहरु काठमाडौं उपत्यकाका मल्ल राज्यहरु थिए । त्यसैले उपत्यकाका मल्ल राज्यहरुको पराजय र पृथ्वीनारायण शाहको विजयलाई लिएर नेवार समुदायमा एक प्रकारको ऐतिहासिक संवेदना र धारणा रहनु स्वाभाविक हो ।

तर इतिहासको मूल्यांकन गर्दा तत्कालीन परिस्थितिलाई आजको राजनीतिक, सामाजिक र भावनात्मक दृष्टिकोणबाट मात्र हेरेर पुग्दैन । त्यस समयको अन्तर्राष्ट्रिय शक्ति सन्तुलन, साम्राज्यवादी विस्तारको होडबाजी, सैन्य रणनीति र राज्यहरुको अस्तित्वमाथि आइपरेका चुनौतीलाई समेत गहिराइमा पुगेर विश्लेषण गर्न आवश्यक छ ।

२. तत्कालीन विश्व परिस्थिति र पृथ्वीनारायण शाहको दूरदृष्टि

त्यतिबेला विश्वभर शक्तिशाली साम्राज्यहरु आफ्नो भूगाम विस्तार गर्ने प्रतिस्पर्धामा थिए । बेलायती, पोर्चुगिज, फ्रान्सेली, डच र अन्य साम्राज्यवादी शक्तिहरु एसियाली भूभागमा आफ्नो प्रभाव विस्तार गरिरहेका थिए ।

भारतमा आफ्नो साम्राज्य विस्तार गरिसकेको अंग्रेज शक्ति नेपालको सीमासम्म आइपुगिरहेको थियो । यस्तो अवस्थामा साना राज्यहरुको अस्तित्वमाथि ठूलो चुनौती खडा भएको थियो ।

सिन्धुलीगढीको युद्धमा गोर्खाली सेनाले अंग्रेजी फौजलाई पराजित गरेको घटना नेपालको सैन्य इतिहासमा विशेष महत्त्व राख्छ । यस पराजयले अंग्रेजी शक्तिको अजेयताको धारणालाई चुनौती दिएको थियो । गोर्खाली सेनासँगको पराजयले अंग्रेजहरुलाई नेपालप्रति थप सतर्क र आक्रामक बनाएको ऐतिहासिक पृष्ठभूमिलाई पनि बिर्सन मिल्दैन ।

यही अन्तर्राष्ट्रिय परिस्थितिलाई पृथ्वीनारायण शाहले गहिराइमा बुझिरहेका थिए । आफ्नो सानो राज्यको अस्तित्व जोगाउन सैन्य शक्ति बलियो बनाउने, राज्य विस्तार गर्ने र बाह्य शक्तिको सम्भावित हस्तक्षेप रोक्ने रणनीति आवश्यक रहेको उनले बुझेका थिए ।

३. उपत्यकाका मल्ल राज्यहरुसामु रहेका चार विकल्प

लाखिएका कारणबाट उपत्यकाका तीन मल्ल राज्यहरु स्वाभाविक रुपमा [illegible]

४. मल्ल राजाहरुको आपसी द्वन्द्व र बाह्य शक्तिसँगको सम्बन्ध

भारतमा अंग्रेजी साम्राज्य विस्तार भइरहेको थियो । युरोपका विभिन्न शक्तिहरु एसियाली भूभागमा आफ्नो प्रभाव जमाउन सक्रिय थिए । तर उपत्यकाका मल्ल राजाहरुको राजनीतिक दृष्टि मुख्यतः आपसी प्रतिस्पर्धामै सीमित रहयो ।

अझ चिन्ताजनक पक्ष के थियो भने, आफ्नो सत्ता जोगाउन उनीहरु बाह्य शक्तिसँग सम्बन्ध विस्तार गर्न समेत पछि परेनन् ।

जयप्रकाश मल्लले अंग्रेजहरुसँग सहयोग खोजेको र इसाई पादरीहरुलाई उपत्यकामा प्रवेश दिएको प्रसङ्ग यसै सन्दर्भमा महत्त्वपूर्ण छ । बाह्य शक्तिहरुको वास्तविक उद्देश्य र दीर्घकालीन रणनीति नबुझी उनीहरुसँग सम्बन्ध विस्तार गर्नु कूटनीतिक दृष्टिले जोखिमपूर्ण कदम थियो ।

भारतमा व्यापारको बहानाबाट प्रवेश गरेको अंग्रेज शक्ति क्रमशः राजनीतिक र सैन्य शक्ति विस्तार गर्दै अन्ततः विशाल भूभागमाथि नियन्त्रण कायम गर्न सफल भएको इतिहास हाम्रो सामु छ ।

यस्तो परिस्थितिमा मल्ल राजाहरुले आफ्नो राज्यको अस्तित्व जोगाउन साझा रणनीति र सैन्य शक्ति निर्माण गर्नुपर्ने थियो । तर उनीहरुले त्यसो गर्न सकेनन् ।

यसको विपरीत, गोर्खाका राजा पृथ्वीनारायण शाहले बाह्य शक्तिको विस्तार, त्यसको सम्भावित उद्देश्य र नेपालको भविष्यमा पर्न सक्ने प्रभावलाई गम्भीरतापूर्वक अध्ययन गरिरहेका थिए ।

५. पृथ्वीनारायण शाहको सैन्य रणनीति र नेपालको अस्तित्व

पृथ्वीनारायण शाहले आफ्नो राज्यको भौगोलिक र सैन्य सीमिततालाई राम्ररी बुझेका थिए । सानो गोर्खा राज्यले शक्तिशाली बाह्य साम्राज्यहरुको चुनौती सामना गर्न सक्ने अवस्था थिएन ।

त्यसैले उनले सैन्य शक्ति विस्तार गर्दै वरपरका राज्यहरुलाई आफ्नो अधीनमा ल्याउने अभियान सुरु गरे । उनको उद्देश्य र अभियानलाई आज विभिन्न दृष्टिकोणबाट व्याख्या गर्न सकिन्छ । कसैले यसलाई राज्य विस्तार भन्छन्, कसैले नेपाल एकीकरण ।

तर एउटा महत्त्वपूर्ण प्रश्न के हो भने, यदि पृथ्वीनारायण शाहले राज्य विस्तार तथा एकीकरणको अभियान सुरु नगरेको भए नेपालको आजको राजनीतिक अस्तित्व कस्तो हुन्थ्यो ?

के गोर्खा र उपत्यकाका तीन मल्ल राज्यहरु आज पनि त्यही स्वरूपमा स्वतन्त्र राष्ट्रका रूपमा अस्तित्वमा रहन्थे ?

तत्कालीन अन्तर्राष्ट्रिय शक्ति सन्तुलनलाई हेर्दा यो प्रश्न अत्यन्त महत्त्वपूर्ण छ । शक्तिशाली साम्राज्यहरुको विस्तार भइरहेका बेला साना राज्यहरुले आफ्नो अस्तित्व जोगाउन सैन्य शक्ति, कूटनीति र राजनीतिक एकता निर्माण गर्नुपर्ने बाध्यता थियो ।

पृथ्वीनारायण शाहले यही यथार्थलाई आत्मसात् गरेका थिए ।- क्रमशः....

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अमाङ्गीदोंख तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सबै स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्याराेन्टीका साथ मर्मत गरिन्छ ।
आऊ यहाँ अईट अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर सबै तथा ब्याट्रीका साथै सबै प्रकारका रिपोर्ट र इलेक्ट्रोनिक पार्टसहरु सेकेण्डहेण्ड मोटर र फ्रेज पाइन्छ ।
नोट :
१) गोडिकल हरियालमा प्रयोग हुने सबै सामानहरु गर्णत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सोकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचौक, झापा
छापावाल सुन बिक्री दर 2,45,900/
चाँदी बिक्री दर 3125/-
हिजोको सुनचाँदीको दरभाउ
मिति : २०८३ मंसिर ४
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पौराणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाउनुका साथै शुपथ मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित शेफ तरकरको आवश्यकता परेमा पनि हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८१४९९९९१५ (9815996315)

दैनिक राशिफल

आज मिति २०८३ साल मंसिर ५ गते शनिबार
21 Nov. 2026
तिथि: द्वादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : बयालपाटा गोठ, सजरमाझा आश्रम निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३९०८८२/९८१७००५५६५

मेष च चे लो ला लि लँ ले लो अ अनावश्यक भ्रमण । शत्रु परास्त ।	कर्कट च चे लो ला लि लँ ले लो अ परोपकारको काम गर्ने दिन । विद्यामा रुची ।	तुला हि ह हे हो डा डि डु डे डो मावलीबाट सहयोग । शत्रु परास्त ।	मकर भो जा जी खि खु खे खो गा गी हिम्मत आँट बढ्ने । मित्र बढ्ने ।
वृष इ उ ए ओ वा वि वु वे वो दाजु, दीदीबाट सहयोग । आम्दानीमा बृद्धि ।	सिंह मा मि मु मे मो टा टि टु टे अंगमा पीडा । कार्यमा ढिलाई ।	वृश्चिक तो ना नि नँ ने नो या यि यु शिक्षामा रुचि । लेनदेनमा सफल ।	कुम्भ गै गे गो सा सी सँ से सो द पढाईमा रुचि । सामान्य धन लाभ ।
मिथुन का कि क घ ङ घ्र के को हा व्यापारबाट सामान्य लाभ । पिताजीको प्रगति ।	कन्या टो प पी पै ष ण ठ पे पो जीवनसाथीको प्रगति । व्यापारबाट लाभ ।	धनु य यो भा भी भ धा फा ढ भे घर भूमिको कार्यबाट लाभ । घरायसी सामान जोडिने ।	मीन दि दु थ झ ञ द दे दो चा ची असल खाना । सामान्य धन लाभ ।

जोगमाई खोलामा बेलीब्रिज जडान सुरु



इलाम/ करिब १२ किलोमिटर लामो सो सडकखण्ड अन्तर्गत जोगमाई खोलामा ७० मिटर लामो बेलीब्रिज जडान गर्न लागिएको छ । बेलीब्रिज जडान भएपछि यस सडकखण्डमा हुँदै आएको यातायात सञ्चालन थप सहज र सुरक्षित हुने अपेक्षा स्थानियको रहेको हो ।

इलामको सिमलगोलाई-तिल्केनी सडकखण्ड अन्तर्गत पर्ने जोगमाई खोलामा बेलीब्रिज जडानको काम सुरू भएको छ । गत वर्ष असोजमा आएको बाढीले यसअघि जडान गरिएको बेलीब्रिज बगाएपछि अवरूद्ध बनेको आवागमनलाई सहज बनाउन शुक्रबारबाट नयाँ बेलीब्रिज जडान गर्न थालिएको हो ।

बेलीब्रिज निर्माणको जिम्मा डीसी कन्स्ट्रक्सन, गाईघाट उदयपुरले पाएको छ । निर्माणका लागि तीन करोड ८२ लाख ३६ हजार चार सय २८ रूपियाँ (भ्याटसहित) मा ठेक्का सम्झौता भएको सडक डिभिजन कार्यालय इलामले जनाएको छ । सडक डिभिजन कार्यालय इलामका इन्जिनियर चन्द्रीश्वर साहका अनुसार निर्माण सम्झौता २०८२ साल फागुन ४ गते भएको हो भने २०८३ साल मङ्सिर २९ गतेसम्म निर्माण सम्पन्न गर्ने समयसीमा तोकिएको छ ।

बेलीब्रिज जडानको काम सुरू भएसँगै लामो समयदेखि डाइभर्सनको भरमा यात्रा गर्न बाध्य स्थानीयवासी तथा यात्रुलाई राहत पुग्ने अपेक्षा गरिएको छ । पुल निर्माण सम्पन्न भएपछि मेची राजमार्गमा समस्या आउँदा वैकल्पिक मार्गका रूपमा प्रयोग हुने यस सडकखण्डबाट आवागमन थप सहज हुने विश्वास गरिएको छ ।

हालसम्म निर्माण कार्यको भौतिक प्रगति ८३ दशमलव ७४ प्रतिशत पुगेको छ । सिमलगोलाई-तिल्केनी सडकखण्ड मेची राजमार्ग अन्तर्गत माईखोलामा सडक अवरूद्ध हुँदा वैकल्पिक मार्गका रूपमा प्रयोग हुँदै आएको छ । गत वर्ष असोजमा आएको बाढीले जोगमाई खोलामा रहेको बेलीब्रिज बगाएपछि यस सडकखण्डमा डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरिँदै आएको थियो ।

दमक.....

हकमा अपनाउनुपर्ने प्रक्रियाबारे स्पष्टता आवश्यक रहेको विषय जनप्रतिनिधिहरूले उठान गरेका छन् ।

नगरप्रमुख थापाका अनुसार यसअघि वितरण गरिएका धनीपुर्जामध्ये नापी शाखाको प्राविधिक त्रुटिका कारण २६ वटा पुर्जामा कित्ता विवरण तलमाथि परेको पाइएको छ । त्यस्तै, १०१ वटा फाइल दर्ता प्रक्रियामा रहेकाले तिनलाई समेत जतिसक्दो छिटो टुंग्याउन नापी कार्यालयले प्राविधिक प्रतिनिधि तोकेरै पठाउन माग गरेका छन् ।

उपप्रमुख रेगिना भट्टराईले संघीय सरकारको भूमि सम्बन्धी ऐन, कार्यविधि र निर्देशिकाअनुसार देखिएका समस्या समाधान गर्दै धनीपुर्जा वितरणको काम अघि बढाउन अब बुलेट शैलीमा दगुरेर परिणाम देखिने गरी काम गर्ने बताइन् । संघीय सरकारको भूमि सम्बन्धी ऐन, कार्यविधि र निर्देशिकाअनुसार समस्या समाधान गरी धनीपुर्जा वितरणको काम अघि बढाइने र यस प्रक्रियालाई थप सक्रियताका साथ अगाडि बढाउने उनको भनाइ छ ।

दमक वडा नं. ४ र ५ का फाइलहरू जिल्ला पठाउने तयारी गरिएको छ ।

झापामा भूमि समस्या समाधानको चुनौती दमकमा मात्र सीमित छैन । जिल्लाका १५ वटै स्थानीय तहमा लगत संकलन, छानबिन, प्रमाणीकरण र पुर्जा वितरणको प्रक्रिया अघि बढिरहेको छ ।

हिमाविले.....

निर्माण भइसकेकाले अब विद्यार्थीलाई सहज हुने उनको भनाइ छ । यस आर्थिकवर्षभित्र २ वटा भवन तयारी भएका छन् । उनले भने-' केपी शर्मा ओली प्रधानमन्त्री भएको समयमा संघीय बजेटबाट विनियोजित करिव ५ करोडको (ब्लक एव) को भवन अहिले फिनिसिङ भइरहेको छ । यसैगरी संघीय बजेट मार्फत नै शिक्षा विभाग मार्फत ४ करोड बढीको अर्को १२ कोठे भवन निर्माणाधिन रहेको छ । अब यी दुवै भवन फिनिसिङ सकिएपछि कक्षाकोठाको समस्या अहिलेलाई सहज हुने अपेक्षा गरेका छौ ।' उनको भनाइ छ ।

आगामी वर्षवाट करिव ६ देखि ७ सय विद्यार्थी थप गर्न क्षमता भवनले राख्छ, अभिभावकको साथ र समर्थन रहे शैक्षिक गुणस्तरमा अर्फै सुधार ल्याउन सकिन्छ, उनले भने ।

हिमाविमा कक्षा १२ सम्म विभिन्न संकाय तथा विषयहरूमा अध्ययन-अध्यापन भइरहेको छ । कक्षा १० सम्म नेपाल सरकारको पाठ्यक्रमअनुसार अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइ हुन्छ भने प्राविधिक धार (कक्षा ९-१२) माध्यमिक तह (कक्षा ९ देखि १२) मा कम्प्युटर इन्जिनियरिङ, र विज्ञान विषयको विशेष प्राविधिक कक्षा सञ्चालनमा छन् । विद्यालयले शैक्षिक गुणस्तरका साथै खेलकुदलाई पनि प्राथमिकता दिएको छ । भलिवल र वास्केटबलको लागि अन्तराष्ट्रिय मापदण्ड अनुसारको रात्रीकालिन खेल खेल्न सकिने खेलमैदान तयारी गरेको प्रधानाध्यापक श्रेष्ठले बताए ।

यस विद्यालयमा हाल १ सय ३१ जना शिक्षक कर्मचारीको टिम छ भने ४ हजार १ सय ७२ विद्यार्थी अध्ययनरत छन् ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/ ९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०८९०

अमेरिकालाई इरानको चेतावनी सर्त मान, नत्र फेरि युद्ध हुन्छ

एजेन्सी/ इरानले अमेरिकालाई आफ्नो सर्त स्वीकार गर्न वा पुनः युद्धको सामना गर्न चेतावनी दिएको छ । इरानले युद्ध र शान्तिवीचको अनिश्चित अवस्था स्वीकार नगर्ने स्पष्ट पार्दै कुनै पनि नयाँ आक्रमणको कडा प्रतिकार गर्ने जनाएको छ ।

इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजीसी)का प्रवक्ता ब्रिगेडियर जनरल हुसेन मोहेबीले बिहीबार इरान सबै सम्भावित सैन्य परिस्थितिको सामना गर्न पूर्ण रूपमा तयार रहेको बताएका छन् । उनले पछिल्लो द्वन्द्वपछि इरानको सैन्य क्षमता विस्तार भएको र अमेरिकी सेनाका गतिविधिमाथि निरन्तर निगरानी भइरहेको दावी गरे ।

'हामी न युद्धको अवस्था स्वीकार गर्छौं, न त युद्ध र शान्तिवीचको अनिश्चित अवस्था । युद्धको विषय एक पटक र सधैंका लागि टुङ्गयाउनेछौं । यसको निर्णय युद्धमैदानबाट हुनेछ वा अमेरिकाले इरानका सर्त स्वीकार गर्नुपर्नेछ', उनले भने ।

वाह्र दिने युद्धपछि इरानले हवाई प्रतिरक्षा प्रणालीलाई बलियो बनाएको र स्वदेशमै कम्तीमा तीनवटा नयाँ प्रणाली विकास गरेको उनले जानकारी दिए । ती प्रणाली घरेलु आवश्यकताका लागि पर्याप्त हुनुका साथै निर्यातसमेत भइरहेको उनको दावी छ ।

इरानले चार हजार ५०० किलोमिटरसम्मको क्षेप्यास्त्र पहुँच प्रदर्शन गरिसकेको उल्लेख गर्दै उनले अमेरिकी सैन्य अखडालाई आवश्यक परे लक्षित गर्न सक्ने बताए ।

मोहेबीले मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अखडा र पर्सियन खाडीमा अमेरिकी नौसैनिक उपस्थितिमा कमी आएको दावी गरे। उनका अनुसार युद्धअघि खाडीमा करिव ४० अमेरिकी युद्धपोत रहेकामा अहिले कुनै पनि छैनन् ।

स्थानीय.....

सभापति गगन थापा र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डलगायत नेताहरु छलफलमा सहभागी भएका थिए । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि आयोग पुगेका थिए । तर उनले पार्टीका निर्वाचन विभाग प्रमुख देवेन्द्र दाहालललाई छलफलमा सहभागी गराएर बाहिरिएका थिए । आयोगको प्रस्तावअनुसार स्थानीय तहको निर्वाचन वैशाखभित्र र प्रदेशसभा निर्वाचन मंसिरमा गर्न सकिने प्रचण्डले बताएका छन् । उनको संविधालयका अनुसार आयोगले प्रस्तुत गरेको समयतालिका उपयुक्त देखिए पनि यसबारे पार्टीभित्र थप छलफल र अध्ययन गरेर अन्तिम धारणा बनाइने उनले बताएका थिए ।

रास्पपाका प्रवक्ता एवं सांसद जगदीश खरेलले भने दुवै निर्वाचन एकै समयमा गराउने वा छुट्टाछुट्टै गर्ने विषयमा छलफल भएको जानकारी दिए । उनका अनुसार दुवै विकल्पका संवैधानिक, आर्थिक, प्राविधिक र राजनीतिक पक्षबारे दलहरुले विचार राखेका छन् । शुक्रबारको बैठक प्रारम्भिक चरणको मात्रै भएकाले यसबाट रास्पपाको आधिकारिक धारणा तय नभएको उनले स्पष्ट पारे ।

खरेलले निर्वाचन आयोग, सरकार, राजनीतिक दल र अन्य सरोकारवालाबीच थप छलफल गरेर चुनावको मिति र प्रक्रियाबारे निर्णयमा पुग्नुपर्ने बताए । यस विषयमा उच्चस्तरीय राजनीतिक संयन्त्रमा समेत छलफल हुने उनको भनाइ छ ।

छलफलमा निर्वाचनलाई प्रविधिमैत्री बनाउने विषयले पनि प्राथमिकता पाएको थियो । स्थानीय र प्रदेशसभा निर्वाचनसँगै आगामी दिनमा हुने सबै प्रकारका निर्वाचनमा क्रमशः प्रविधिको प्रयोग बढाउनुपर्नेमा दलका नेताहरुले जोड दिएका छन् ।

ब्यूटीसियन चाहियो
दमक-५ स्थित Velvet Beauty Studio & Cosmetics लाई एक जना ब्यूटी आर्टिस्ट को आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८४९२१९०१

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

खेलकुद

भारत 'ए' को १ सय रन पूरा

दमक/ एसीसी एसिया कप राइजिङ स्टार मा अहिले नेपाल र भारत 'ए' बीच प्रतिस्पर्धा भइर हेको छ । कतारको राजधानी दोहामा जारी खेलमा नेपालले टस जितेर फिल्डिङ रोजेपछि भारत 'ए' ले ब्याटिङ गरिरहेको छ । खेलमा भारतको १ सय रन पूरा भएको छ । खेलको २४ ओभर ५ बलमा भारतका तिलक वर्माले १ रन लिँदै टिमका लागि सय रन पूरा गरेका हुन् । हालसम्म भारतले ३ विकेट गुमाइसकेको छ । हाल क्रिजमा वर्मासँगै कुमार कुशाग्र रहेका छन् ।



सुनसरी सभापतिमा श्रेष्ठ चयन

इटहरी/नेपाली कांग्रेस देउवा समूहको सुनसरी जिल्ला सभापतिमा सन्दीप श्रेष्ठ चयन भएका छन् ।

धरानमा सम्पन्न जिल्ला अधिवेशनबाट श्रेष्ठ सर्वसम्मत सभापतिमा चयन भएका हुन् । उपसभापतिमा श्यामकृष्ण ढकाल, सचिवमा कुमार राय र सहसचिवमा रोशन खड्का चयन भएका छन् । अन्य कार्यसमिति सदस्यहरु पनि सर्वसम्मत रुपमा चयन भएका छन् । निर्वाचन क्षेत्र नम्बर १ को क्षेत्रीय सभापतिमा गणेश सुब्बा सर्वसम्मत निर्वाचित भएका छन् । क्षेत्र नम्बर २ मा डम्बर बस्नेत, क्षेत्र नम्बर ३ मा हिरालाल चौधरी र क्षेत्र नम्बर ४ मा राजेन्द्रप्रसाद मेहता सर्वसम्मत रुपमा चयन भएका छन् ।

स्तब्ध.....

सकिएकोले अब मनकारी दाताहरूको सहारा खोज्नुको विकल्प नरहेको बताइन् । आफूलाई युवा अवस्थामा प्राणघातक रोगले च्यापेको र आफु मरे ६ वर्षिया छोरीको बेहाल हुने हुँदा सहयोग गरिदिन विश्वकर्माको आग्रह छ ।

छोरी ज्वाईंको एक टुक्रा जमिन नभएको र आफुहरू पनि डेरामै बसेर जीविको गर्दै गरेको पिडित गंगाका बुवा नारायण विश्वकर्माले बताए । ८/९ महिना अघिबाट क्यान्सरले थलिएकी गंगाको हाल भरतपुर क्यान्सर अस्पतालमा किमोथेरापी लगाउने काम भईरहेको गंगाका श्रीमान दिपेश दुलाललले बताए ।

गंगाको उपचारको लागि सहयोग गर्न इच्छुक मनकारी दाताहरूले कुमारी बैंक दमकको खाता नं. ०९९०३६९५९१६०००० मा रकम जम्मा गरिदिनु हुन पिडित परिवारको आग्रह रहेको छ ।

प्रधानमन्त्री...

सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी सम्पन्न विभिन्न परियोजनाको उद्घाटन तथा नयाँ परियोजनाहरूको शिलान्यास गर्ने कार्यक्रम रहेको छ ।

यसैगरी, शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद व्यवस्थापन, मानव संसाधन विकासजस्ता सहकार्यका विविध क्षेत्रसंग सम्बन्धित समझदारीपत्रहरू समेत आदानप्रदान गरिने सचिव राईले जानकारी दिए । यसबाट दुवै देशका प्राथमिकताप्राप्त क्षेत्रमा आपसी सहकार्य थप विस्तार हुने विश्वास गरिएको छ ।

नेपालमा भारतीय लगानी आकर्षित गर्ने उद्देश्यले नेपाल-भारत 'बिजनेस फोरम'को पनि आयोजना गरिनेछ । उक्त फोरममा भारतीय व्यवसायीका चासो तथा सरोकार सम्बोधनको प्रयास हुनेछ । साथै उनीहरूलाई नेपालमा लगानीका लागि अनुरोध गरिने छ । यसैगरी, भारतीय लगानी थप आकर्षित गर्न अवलम्बन गरिएका नीतिगत दृष्टिकोण तथा प्रयासहरू प्रस्तुत गरिने सो कार्यक्रम नेपाली र भारतीय व्यवसायीवीच सहकार्यको 'सेतु' बन्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री शाहको राजकीय भ्रमणप्रति उत्साहित बनेको नेपालको निजी क्षेत्रको पनि प्रतिनिधित्व हुने भएको छ । आफ्नै खर्चमा निजी क्षेत्रका उद्यमी-व्यवसायी सम्मिलित ५२ सदस्यीय टोली प्रधानमन्त्रीको भ्रमण दलमा सहभागी हुनेछ ।

प्रधानमन्त्री शाहले मङ्सिर ७ गते सोमबार भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नुहुने कार्यक्रम छ । यसैगरी, सोही दिन प्रधानमन्त्री शाहले आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीसँग प्रतिनिधिमण्डल स्तरीय वार्ताको कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

आइतबार प्रधानमन्त्री शाहसँग भारतीय विदेशमन्त्री डा एस जयशंकरले शिष्टाचार भेट गर्ने कार्यक्रम छ । सोही दिन प्रधानमन्त्री शाहले नयाँदिल्लीको राजघाटस्थित महात्मा गान्धीको समाधिस्थलमा श्रद्धासुमन अर्पण गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्री शाह नेतृत्वको प्रतिनिधिमण्डलमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार बेन्जनकार, राजनीतिक सल्लाहकारसहित उच्चपदस्थ अधिकारी, व्यवसायी र पत्रकारलगायत ३४ सदस्यीय टोली रहने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

पोलिसी फायल हराएको सूचना

मिति २०८३ जेठ १५ गते जिल्ला मोरङ पथरीबाट झापा दमकसम्म जाने क्रममा मेरो साथमा रहेको एसियन लाइफ इन्सोरेन्स कम्पनी लि. विमा लेख नं. ६०१९००१२५७३ गणेश तिरौला नामको फायल हराइ वेपत्ता भएकाले फेला परेमा नजिकको एशियन लाइफको अफिस वा सम्बन्धित व्यक्ति ९८५२६९०३३३३ मा खबर गरिदिनु हुन अनुरोध छ ।

अफिस सम्पर्क नम्बर : ०२१-५५५००१

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजाइमा
ढूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०९ बस्ने निर्मला श्रेष्ठको नाममा दर्ता कायम रहेको साबिक राजघाट-८/ग मा भएको कि.नं. १०१८ को ज.वि. ०-१-२-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सूचना जारी गरि९६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्वतर्फ सँधियार टेकराज श्रेष्ठ दक्षिण तर्फ सँधियार टेकराज श्रेष्ठ उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

◆ प्रधान सम्पादक/प्रकाशक: गज्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६००२७.
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com